# श्री नयां गोरख गण, चोहर्वा ब्यारेक सिरहा

# सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना

सुचना नं. ०१ (प्रथम पटक प्रकाशित मिति २०७५/११/२६ गते)

१. श्री नयां गोरख गण चोहर्वा ब्यारेक, सिरहामा भएको जवान भान्छाको सिलबन्दी दरभाउपत्रको माध्यमबाट मर्मत संभार गरी स्तोरन्नती गर्नू पर्ने भएकोले ईच्छूक फर्म/संस्था/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सुचना प्रकाशि गरिएको छ ।

| सि.नं. | स्तरोन्नती गर्नूपर्ने भौतिक पुर्वाधारको विवरण | लागत स्टीमेट रकम | दरभाउ पत्र जमानत रकम |
|---|---|---|---|
| १ | जवान भान्छाको स्तरोन्नती कार्य | १९१६७१०।८८ | ५७५०००।०० |
| | जम्मा रकम रु. | १९१६७१०।८८ | ५७५०००।०० |

२. दरभाउपत्र खरिदकर्ताले लिखित निवेदन सहित निम्नानूसारको कागजातको प्रतिलिपि पेश गरेर मात्र दरभाउपत्र खरिद गर्न सक्नेछः

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. दरभाउ पत्रदाताहरुले दरभाउपत्र पेश गर्दा दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नूपर्ने कागजताहरु ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(३) आ.ब.०७४/०७५ को आन्तरिक राजश्व विभागबाट प्राप्त कर चूक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) दरभाउ दाताले निर्माण कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र ।

(च) संयूक्त रुपमा काम गर्न चाहने दरभाउपत्र दाताले संयूक्त उपक्रम सम्बन्धी सम्झौता बनाई पेश गर्नूपर्ने छ । संयूक्त उपक्रममा काम गर्ने दरभाउ पत्र दाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायित्व वहन गर्नूपर्ने भएकोले संयूक्त रुपमा कामगर्ने दरभाउपत्र दाताले संयूक्त उपक्रम रहने मूख्य साझेदारको हिस्सा र अन्य साझेदारको न्यूनतम हिस्सा (योग्यता) खूलाई दरभाउ पत्र साथ पेश गनूपर्ने छ ।

(छ) दरभाउ पत्र दाताले रु.५७५००।००(सन्ताउन्न हजार पांच सय रुपैया) बराबरको रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाले राष्ट्रिय बाणिज्य बैंक सिरहामा खोलेको धरौटी खाता नं. २१३०२०३००००००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस गणको नाममा जारी भएको दरभाउ पत्र जमानत (बैंक गारेन्टी) पेश गर्नूपर्नेछ । उक्त जमानतको मान्य अवधि दरभाउपत्र पेश गर्न तो किएको अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको हूनू पर्नेछ ।

४. दरभाउपत्रदाताले पालना गर्नूपर्ने शर्तहरु

(क) सम्बन्धित व्यक्तिफर्म / कम्पनी / संस्था आफैले खरिद गरेको दरभाउ सम्बन्धी कागजात पूर्ण रुपमा भरी पेश गर्नूपर्नेछ ।

(ख) दरभाउ पत्रदाताले दरभाउ फाराममा कवुल दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेकको दर अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा भर्नूपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. दरभाउपत्रदाताले ध्यान दिनूपर्ने कूराहरु

(क) दरभाउपत्र फाराम यस गणबाट सुचना प्रकाशित भएको मिति देखि १५ औं दिन अर्थात २०७५ / १२ / १० गतेको कार्यालय समय भित्र यस गण हे.क्वा. लगायत जिल्ला प्रशासन कार्यालय सिरहा र कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहामा लिखित निवेदन दिई प्रति दरभाउपत्र फाराम दस्तूर रु.१०००।०० (एक हजार रुपैया) पछि फिर्ता नहूने गरी खरिद गर्न सकिन्छ । बिक्रि भएका दरभाउपत्रहरु मिति १०७५ / १२ / ११ गतेको १२:०० बजेसम्म वा सो भन्दा अगावै (विदाको दिन बाहेक) कार्यालय खूलेको जूनसूकै दिन यस गणमा दर्ता गरि सक्नूपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु मिति २०७५ / १२ / ११ गतेको १३:०० बजे खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, दरभाउ पत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिहरुको रोहवरमा यस गण हे.क्वा.चोहर्वा ब्यारेक सिरहामा खोलिनेछ ।

६. थप जानकारीको लागी यस कार्यालयको फोन नं.०३३-४०१०८९ मा सम्पर्क गर्न सकिनेछ, साथै यो सुचना नेपाली सेनाको Website www.nepalarmy.mil.np मा समेत हेर्न सकिने छ ।

श्री नयां गोरख गण,
चोहर्वा ब्यारेक, सिरहा ।